| | | |
|---|---|---|
| 1 | अँध्यारो | आज यो विस्मृतिको अँध्यारो मात्र बन्दैछ। |
| 2 | अगुल्टो | उपचारका नाउँमा अगुल्टो वा तातेको फलामले डाम्ने गरिन्छ। |
| 3 | अजिङ्गर | नयाँ सामाजिक शक्तिहरू अजिङ्गर भएर उठे। |
| 4 | अटाउँछ | रेडियोभित्र मान्छे कसरी अटाउँछ? |
| 5 | अड्याउनु | बार्दलीका खम्बामा तिनलाई अड्याउनु सजिलो छैन। |
| 6 | अढाइ | नेपालीहरू अढाइ करोड पुगे। |
| 7 | अदुवा | विषादी प्रयोग गरिएको अदुवा खाँदा मान्छेलाई असर गर्छ। |
| 8 | अधीन | यो बेलायतको अधीनमा छ। |
| 9 | अनुभवी | दुवै क्षेत्रमा अनुभवी व्यक्ति आवश्यक छ। |
| 10 | अप्रेसन | अप्रेसन सकिएको पाँच घण्टासम्म होस खुलेन। |
| 11 | अमेरिका | यो बाटो अमेरिका र अन्यत्र पनि काम लागेको छैन। |
| 12 | अमोघ | काकाको अमोघ अस्त्र खेर गएन। |
| 13 | अरूअरू | पछि अरूअरू रेडियो पनि आए। |
| 14 | अर्घाखाँची | दोस्रो चरणमा अर्घाखाँची र डोटीमा विस्तार गरियो। |
| 15 | अर्थ्याउन | त्यसलाई 'स्थानीय रोजगारी'का रूपमा अर्थ्याउन सकिन्छ। |
| 16 | अल्झो | त्यो एउटा अल्झो थियो। |
| 17 | असोज | असोज अनुकूल मौसम हुने महिना हो। |
| 18 | आँठे | रुघैले सिध्याउन लाग्यो भने आँठे किन चाहिन्छ। |
| 19 | आआफ्नो | ती दुवै आआफ्नो घरतिर लागे। |
| 20 | आइन् | एकजना महिला समस्या लिएर मकहाँ आइन्। |
| 21 | आएँ | पछि म रेडियोमा आएँ। |

| | | |
|---|---|---|
| 22 | आजकाल | यो पत्रिका आजकाल महेन्द्रनगरबाट प्रकाशित हुन्छ। |
| 23 | आठजना | तीमध्ये सल्यानका आठजना थिए। |
| 24 | आपत्ति | यस लेखमा मेरो आपत्ति छ। |
| 25 | आफु | उनले आफू उपयुक्त नभएको बताए। |
| 26 | आर्टिकल | यस क्रममा आर्टिकल नाइन्टिनको पनि अध्ययन गरियो। |
| 27 | आशा | गोरखालीहरू आशा चुरोट खान्थे। |
| 28 | इच्छुक | उक्त पुस्तक प्रकाशन गर्न हामी इच्छुक भयौँ। |
| 29 | उँधो | नेपाल अहिले सत्रौँ शताब्दी उँधो घस्रँदै छ। |
| 30 | उँभो | यसरी देश उँभो लाग्न बेर लाग्दैन। |
| 31 | उखु | श्रमिकहरू बसाइँ सर्दै उखु रोप्न फिजी द्वीपसम्म पुगे। |
| 32 | उचित | स्रष्टालाई उचित पारिश्रमिक दिनुपर्छ। |
| 33 | उछार | रूपमतीले यस विषयमा बोल्ने उछार पाइनन्। |
| 34 | उठेँ | म पनि खालबाट उठेँ। |
| 35 | उठ्छ | अब एउटा जटिल प्रश्न उठ्छ। |
| 36 | उठ्तै | उनीहरू उठ्तै छन्। |
| 37 | उठ्ला | यसो गर्दा सुरक्षाको पनि प्रश्न उठ्ला। |
| 38 | उत्थान | सबै क्षेत्रको उत्थान हुनु स्वाभाविकै हो। |
| 39 | उत्पादन | यसबीच दक्ष जनशक्तिको उत्पादन गर्ने प्रक्रिया पनि देखा पर्‍यो। |
| 40 | उत्पादन | दक्ष जनशक्तिको उत्पादन आवश्यक देखिन्छ। |
| 41 | उब्जिएको | तत्काल देखिएको समस्या आन्तरिक रूपमा उब्जिएको हो। |
| 42 | उर्दु | अल इन्डिया रेडियोको उर्दु सर्भिस नौ बजेसम्म चल्थ्यो। |
| 43 | एक्दमै | मलाई एकदमै भोक लाग्यो। |

| | | |
|---|---|---|
| 44 | एङ्गेल्स | मार्क्स र एङ्गेल्स मानव समाजको इतिहास वर्ग सङ्घर्षको इतिहास हो भन्दछन्। |
| 45 | एच | यिनलाई एच आई भीबाट ग्रस्त भएपछि फर्काइन्छ। |
| 46 | एड्भान्स | वीरगञ्जमा एड्भान्स मेडिकल हस्पिटल खुल्यो। |
| 47 | एसिया | दक्षिण एसिया विश्वको सबैभन्दा गरिब क्षेत्र मानिन्छ।। |
| 48 | ओके | पछि यिनलाई ओके बाजे भनियो। |
| 49 | ओखल | अहिले गाउँमा ओखल देखिँदैन। |
| 50 | ओझा | देवीप्रसाद ओझा तीस वर्ष सरकारी सेवामा रहनुभयो। |
| 51 | ओढ्नु | छाता ओढ्नु घाममा, हीरा फोड्नु काममा। |
| 52 | ओत | ओत गाउँ द्वन्द्वले ग्रस्त छ। |
| 53 | ओथारो | इन्फ्लुएन्जा भाइरसको ओथारो अवधि एकदेखि पाँच दिनको हुन्छ। |
| 54 | ओली | नारायण ओली किसान हुन्। |
| 55 | कँडेल | नारायणदत्त कँडेल पत्रकार हुन्। |
| 56 | कच्याङकुचुङ | औँलाहरू कच्याङकुचुङ गर्न थाल्छन्। |
| 57 | कफी | चिया र कफी पसलमा हुने छलफल महत्त्वपूर्ण हुन्छ। |
| 58 | कमिलो | सडकमा त कमिलो पनि थिएन। |
| 59 | कम्जोर | मेरो मुटु कम्जोर छ। |
| 60 | कम्प्युटर | प्रेस र कम्प्युटर सँगै हुनुपर्छ। |
| 61 | कम्फर्ट | टेलिफोनमै सबैले कम्फर्ट फिल गर्दैनन्। |
| 62 | करोड | बीस करोड मूल्यको औषधि नेपाल भित्रिन्छ। |
| 63 | कर्णाली | कर्णाली सन्देश साप्ताहिक पत्रिका हो। |
| 64 | कहीँ | रूखमा कहीँ पालुवा थिएन। |
| 65 | कामहरु | सरकारले गरेका कामहरू नपुग छन्। |

| | | |
|---|---|---|
| 66 | कार्यकारिणी | निर्देशकलाई प्रमुख कार्यकारिणी अधिकार प्राप्त भयो। |
| 67 | किचकिच | सारै किचकिच नगर्। |
| 68 | किताब | राणाहरूले कुनै किताब बाहिरबाट मगाउन दिँदैनथे। |
| 69 | किताबमा | उक्त दर्ता किताबमा उल्लिखित आँकडा उपयोगी थिए। |
| 70 | कुँजो | नागरिकको मस्तिष्क कुँजो तुल्याइएको थियो। |
| 71 | कुइरे | त्यो कुइरे कुकुर थियो। |
| 72 | कोइला | हामी पानीबाट आर्सेनिक छान्न सक्छौँ। |
| 73 | खलखल | बहिनी पसिनाले खलखल भई। |
| 74 | खसखस | सामान्यतया खोकी लाग्ने, घाँटी खसखस हुने हुन्छ। |
| 75 | खाएँछु | मैले त सबै भात खाएँछु। |
| 76 | खान्थेँ | म महिनाको सय रुपियाँ तलब खान्थेँ। |
| 77 | खिसी | फेरि पनि उसलाई खिसी गरियो। |
| 78 | खोजखाज | यो घरको कुनै कुनाबाट खोजखाज पारी ल्याइएको हो। |
| 79 | खोजेँ | मैले त्यस्ता बच्चाहरू खोजेँ। |
| 80 | गँवार | एउटी गँवार मूर्खले पुगेन र अर्की ल्याउन आँट्नुभएको? |
| 81 | गइयो | रेडियो सुन्न त्यहाँ गइयो। |
| 82 | गजगज | उनको मुखमा गजगज फिँज थियो। |
| 83 | गफगाफ | पत्रपत्रिकाहरूमा हलुका किसिमका गफगाफ छापिन थाले। |
| 84 | गफमा | एउटा कोठे गफमा यङ राइटर्स फ्रन्ट जन्म्यो। |
| 85 | गाउँफर्क | त्यसबेला गाउँफर्क अभियान चलिरहेको थियो। |
| 86 | गिँड | जासुसी उपन्यासमा स्वास्नीले लोग्नेलाई दुई गिँड पारी। |
| 87 | गुठी | बाटोमा गुठी संस्थान पर्थ्यो। |

| | | |
|---|---|---|
| 88 | गुथ्न | पुलिसहरू रातो फेटा गुथ्न थाले। |
| 89 | गुल्म | नवलपरासीमा एउटा गुल्म थियो। |
| 90 | गोडमेल | बिरुवामा गोडमेल र मलजल चाहिन्छ। |
| 91 | गोलभेँडा | किसानहरू गोलभेँडा उत्पादन गर्छन्। |
| 92 | ग्वाला | ग्वाला, कृषकहरू सबै फर्के। |
| 93 | घट्थ्यो | पानी घट्थ्यो र सकिन्थ्यो। |
| 94 | घट्दै | तिनमा रोग घट्दै गएको छ। |
| 95 | घन्टी | चार बजे घन्टी बज्यो। |
| 96 | घाउभन्दा | तरवारको घाउभन्दा वचनको घाउ ठूलो। |
| 97 | घुच्चुक | घुच्चुक जुम्रा लुक्न सजिलो ठाउँ हो। |
| 98 | घोल्यो | रूपेशले चिनीमा पानी घोल्यो। |
| 99 | घ्वाँक | लिचुमैयाँले घ्वाँक छोरो पाइन्। |
| 100 | ङारङुर | नजिकै हुँदा ङारङुर र टाढा हुँदा माया गर्नु हुँदैन। |
| 101 | चट्याङ | हास्यव्यङ्ग्यमा चट्याङ मास्टर चर्चित छन्। |
| 102 | चिजबिज | खानामा अनेकौँ चिजबिज थिए। |
| 103 | च्वाट्ट | तिनले नैतिक बन्धन च्वाट्ट चुँडाए। |
| 104 | छङछङ | पानी छङछङ झरिरहेको छ। |
| 105 | छलफल | त्यहाँ छलफल राम्रै भयो। |
| 106 | छाप्न | तिनका कृतिहरू छाप्न थालियो। |
| 107 | छाम्छु | म जयजीको कुममा बिस्तारै छाम्छु। |
| 108 | छिटै | यसका कारणहरूमा छिटै बच्चा पाउनु एउटा हो। |
| 109 | छुँदैन | अचेलका किरालाई डायोथिनले छुँदैन। |

| | | |
|---|---|---|
| 110 | छुट्छ | ऊ पक्राउ पर्छ र छुट्छ। |
| 111 | छुट्तैन | खराब लत लागेपछि छुट्तैन। |
| 112 | छेपारो | छेपारो छालाको रङ बदल्छ। |
| 113 | छोटोछोटो | उसको पछिपछि छोटोछोटो कदम गरी हिँडिरहेँ। |
| 114 | छोडूँ | अन्याय विरुद्धको विद्रोह छोडूँ? |
| 115 | छवास्स | त्यस विषयलाई कथाकारले छवास्स छोएका छन्। |
| 116 | जम्यो | जननीको मुखभरी कालो पोतो जम्यो। |
| 117 | जलधारा | कोठेबारीबाट जलधारा दिन कोही छैन। |
| 118 | जाँचमा | ती साथी जाँचमा फेल भए। |
| 119 | जानेआउने | बजारमा प्रत्येक दिन जानेआउने गर्नुपर्थ्यो। |
| 120 | जान्छिन् | तिम्री आमा किन माइत जान्छिन्? |
| 121 | जुँगा | डेढ महिनासम्म मैले जुँगा काटिनँ। |
| 122 | जुम्ला | जुम्ला चिकित्सकविहीन छ। |
| 123 | ज्वाइँ | उनका ज्वाइँ जयपृथ्वीबहादुर सिंह हुन्। |
| 124 | ज्वाइँले | ज्वाइँले रक्सी पिउनुहुन्छ? |
| 125 | झर्रो | साहित्यले अँगालेको अर्को पक्ष हो झर्रो शैली। |
| 126 | झाँक्री | त्यस क्षेत्रमा धामी, झाँक्री भेटिन्छन्। |
| 127 | झापा | यसमा सिराहा, सप्तरी, उदयपुर, मोरङ र झापा पनि पर्दछन्। |
| 128 | झिँगा | झिँगा, लामखुट्टे आदि रोग सार्ने किरा नियन्त्रण गरियो। |
| 129 | झोँक | उसलाई आफ्नो बाबुसँग झोँक चल्छ। |
| 130 | झ्याउँझ्याउँ | झाडीबाट झ्याउँकिरीको झ्याउँझ्याउँ आवाज आयो। |
| 131 | झ्यापझुप | एकाएक मान्छेहरू झ्यापझुप बत्ती निभाउँथे। |

| | | |
|---|---|---|
| 132 | झ्वाम | उसले एक बोतल झ्वाम पाऱ्यो। |
| 133 | टिप्छ | किसान पाकेको गालेभैँडा टप्प टिप्छ। |
| 134 | ट्वाइलेट | न्युजपेपरलाई ट्वाइलेट पेपर भनी खिल्ली उडाइयो। |
| 135 | ठाँटी | ठाँटीबाट ओरालो लाग्नुपर्छ। |
| 136 | ठोकठाक | मादल ठोकठाक गरेर गीत बजाउने गरिन्थ्यो। |
| 137 | ठ्वाङठ्वाङ | खोँचमा गलको ठ्वाङठ्वाङ आवाज आउन थाल्छ। |
| 138 | डाढ | उनीहरू परस्पर डाढ, ईर्ष्या, घोचपेच गर्दा रहेछन्। |
| 139 | डुब्छ | सक्ने बजारमा टिक्छ, नसक्ने डुब्छ। |
| 140 | ड्याङ | टंकबहादुर ड्याङ ड्याङ ढ्याङ्ग्रो बजाउँछन्। |
| 141 | ढाड | एकजना महिला ढाड दुख्ने समस्या लिएर मकहाँ आइन्। |
| 142 | ढिलो | हुलाकबाट पत्रिका पठाउनु ढिलो हुन्छ। |
| 143 | ढेडु | उनको 'भुत्ले ढेडु' नाटक चर्चित छ। |
| 144 | तड्पी | तिनको जीवन दुःखले तड्पी बाँचेको छ। |
| 145 | तपाईँ | तपाईँ अहिल्यै जानोस्। |
| 146 | तपाईँको | यो तपाईँको लागि गरेको हो। |
| 147 | तपाईँसँग | यो तपाईँसँग कुरा खोल्ने तरिका हो। |
| 148 | तपाईँहरू | तपाईँहरू निश्चिन्त रहनोस्। |
| 149 | तम्घास | हामी तम्घास जातेआते गर्थ्यौँ। |
| 150 | तालिका | यसबारे माथिको तालिका हेर्नोस्। |
| 151 | तीजतिर | हामी तीजतिर त्यहाँ पुगेका थियौँ। |
| 152 | तितो | कोही कोहीले तितो धेरै मन पराउँछन्। |
| 153 | तुवाँलो | पर तुवाँलो लागेका पहाडहरू देखिन्छन्। |

| | | |
|---|---|---|
| 154 | तेसै | त्यसै कारणले शब्द भनेको खबर हो। |
| 155 | थपिँदै | अनेक प्रकारका सोचहरू यसमा थपिँदै गए। |
| 156 | थपेँ | देवीजीको प्रसङ्गमा मैले पनि थपेँ। |
| 157 | थप्दै | उसले कुरा थप्दै गयो। |
| 158 | थुँगा | खुसीले दुई थुँगा फूल दिएँ। |
| 159 | थोपा | नाकबाट दुई थोपा रगत खस्यो। |
| 160 | दाङतिर | दाङतिर थारूका घना बस्ती छन्। |
| 161 | दिपायल | सिलगढीबाट दिपायल सन्देश पत्रिका निस्कन्छ। |
| 162 | दुख्छ | औषधि हालेको दिन अलिकति टाउको दुख्छ। |
| 163 | देओ | मलाई चलाउन देओ। |
| 164 | देखाएँ | मैले डाक्टरहरुलाई देखाएँ। |
| 165 | दोलखा | उनी दोलखा गए। |
| 166 | धङधङी | हार्डीका कतिपय कृतिमा रतिरागको धङधङी पाइन्छ। |
| 167 | धर्सा | म जोखाना हेर्दा भुइँमा आठ धर्सा तान्छु। |
| 168 | धाकधक्कु | धाकधक्कु र घुर्कीबाट यो उपलब्ध हुँदैन। |
| 169 | धुलो | यसले बालुवा र धुलो साथै लिएर हिँड्छ। |
| 170 | धुवाँ | सल्लाले धेरै धुवाँ निकाल्छ। |
| 171 | धोएँ | मैले पनि खुट्टा धोएँ। |
| 172 | ध्रुब | ध्रुब उपचार उपलब्ध छ भन्छन्। |
| 173 | नखाँदा | मैले सुप नखाँदा उनले असजिलो माने। |
| 174 | नगरूँ | राधालाई सकेसम्म आज झगडा नगरूँ जस्तो लाग्यो। |
| 175 | नपुगेको | मात्रा यति नै छ भनेर किटान गर्ने अवस्थामा नपुगेको रहेछ। |

| | | |
|---|---|---|
| 176 | नराखी | कसैले छानो नराखी खुलै राखेका छन्। |
| 177 | नवलपरासी | आर्सेनिकका बिरामी नवलपरासी, बुटवल र पाल्पासम्म पुगे। |
| 178 | नाथदेखि | तिनमा नाथदेखि रजनीश सम्प्रदायसम्मका छन्। |
| 179 | नियुक्ति | प्यारामेडिकल जनशक्तिको नियुक्ति सरकारले गर्दछ। |
| 180 | निर्झर | तारिणीप्रसाद निर्झर समाचार वाचन गर्थे। |
| 181 | निस्कँदै | आर्थिक विश्लेषण निस्कँदै छ। |
| 182 | नेग | उनीहरूलाई दसैँको नेग दिनुपर्छ। |
| 183 | न्यास्रो | म न्यास्रो मानिरहेको छु। |
| 184 | पढ्या | लालसिं खत्रीले अङ्ग्रेजी पढ्या छन्। |
| 185 | पाँचखाल | उनी पाँचखाल सिरामपाटीका हुन्। |
| 186 | पाँचजना | त्यहाँ पाँचजना प्राविधिज्ञ छन्। |
| 187 | पाइँदैन | अन्य क्षेत्रमा पत्रिका प्रकाशित भएको पाइँदैन। |
| 188 | पाएसम्म | पाएसम्म 'हाइ प्रोफाइल' भएकाहरू खोजिन्छ। |
| 189 | पाठेघर | त्यहाँ पाठेघर सफा गरिन्छ। |
| 190 | पिँडालु | घरै पिँडालु वनै पिँडालु। |
| 191 | पिँधमा | आर्सेनिक इनारको पिँधमा गएर बस्ने गर्दछ। |
| 192 | पिउने | सबै ठाउँमा शुद्ध पिउने पानीको व्यवस्था छैन। |
| 193 | पिछा | रामुले बिपनाको पिछा गरिराख्यो। |
| 194 | पुँजी | राष्ट्रिय पुँजी जनताको हातमा हुनुपर्छ। |
| 195 | पुल्चोक | कमल प्रोग्राम सुन्न पुल्चोकदेखि गैह्रीधारासम्म जान्थे। |
| 196 | पेटको | पेटको समस्या त्यसभन्दा ठूलो छ। |
| 197 | पेटलाई | उनले आफ्नो पेटलाई ब्लेडले काटी आफै बच्चा बाहिर निकालिन्। |

| | | |
|---|---|---|
| 198 | प्याज | विषादी प्रयोग गरिएको प्याज खाँदा मान्छेलाई असर गर्छ। |
| 199 | प्रयोगबाट | औलोविरोधी औषधि बाँदरमा गरिएको प्रयोगबाट सफल भएको छ। |
| 200 | प्रयोगहरू | प्रयोगहरू गरी नयाँ मान्यता विकसित गर्न सकिन्छ। |
| 201 | प्राथमिक | उक्त सबै कुरा प्राथमिक हुन्छन्। |
| 202 | फट्याङ्ग्रा | विषबाट उपयोगी फट्याङ्ग्रा पनि मारिए। |
| 203 | फड्को | सुदूरपश्चिमको पत्रकारिताले नयाँ फड्को मार्‍यो। |
| 204 | फणा | गोमन सर्प फणा उठाएर बसेको छ। |
| 205 | फर्कें | तालिमपछि नियुक्तिपत्र बोकी म फर्कें। |
| 206 | फलफूलहरू | ऊ टेबिलमा दूध र फलफूलहरू राख्छे। |
| 207 | फाँको | जसको पोल्टामा खाजा छैन, उसको ठूलो फाँको। |
| 208 | फाट्टफुट्ट | त्यहाँ फाट्टफुट्ट लेखहरू छन्। |
| 209 | फिँजिएको | त्यसमा विसङ्गतिवाद फिँजिएको छ। |
| 210 | फेर्छ | यो पाठकहरूको सद्भावनामा सास फेर्छ। |
| 211 | फोक्सो | चुरोट खानेहरूको फोक्सो बिग्रन्छ। |
| 212 | फ्यात्त | तिनका खुट्टा फ्यात्त परेका हुन्छन्। |
| 213 | बच्चा | पन्ध्र वर्षमा उनले बच्चा पाइन्। |
| 214 | बजेट | जनजातिका नाममा थुप्रै बजेट खर्च भएको छ। |
| 215 | बढ्छ | एक वर्षपछि त अझ अनुभव बढ्छ। |
| 216 | बनको | सोही वर्ष बनको योजना ल्याइयो। |
| 217 | बनभोज | यो ठाउँ बनभोज गर्ने थलो भएको छ। |
| 218 | बनमा | बनमा पानीका केही धारा थिए। |
| 219 | बन्ला | कुरा यति जटिल बन्ला भन्ने थिएन। |

| | | |
|---|---|---|
| 220 | बसूँ | कविलाई उहीँ बसूँ जस्तो लाग्यो। |
| 221 | बस्छन् | यसका मालिक कलकत्तामा बस्छन्। |
| 222 | बाँझो | खेत बाँझो रह्यो। |
| 223 | बाँधेँ | दुखेजति ठाउँमा सन्चो लगाएर ब्यान्डेज बाँधेँ। |
| 224 | बाघको | ऊ बाघको पन्जामा पऱ्यो। |
| 225 | बाघतिर | बाँदर बाघतिर जान सक्दैन। |
| 226 | बाघदेखि | गर्जने बाघदेखि नडराऊ। |
| 227 | बाघसँग | पक्कै बाघसँग जम्काभेट हुने भयो। |
| 228 | बाघहरू | बाघहरू कुकुर खान्छन्। |
| 229 | बाथरुम | मेरो हरेक बिहान बाथरुम पसेर सुरु हुन्छ। |
| 230 | बान्ता | सबैतिर झाडा र बान्ता फैलिरहेको छ। |
| 231 | बारुला | बारुला अरिङ्गालभन्दा सानो हुन्छ। |
| 232 | बिँड | सरकारलाई श्रीखण्ड खुर्पाको बिँड मात्रै भयो। |
| 233 | बिठ | बुढिया बिठ छर्दाछर्दै कराई। |
| 234 | बिझ्यो | राधालाई बाध्यताको कुरा च्वास्स बिझ्यो। |
| 235 | बिर्सेँ | मैले त त्यो कुरो बिर्सेँ। |
| 236 | बिल्डिङ | आजका बिल्डिङ भीमकाय बनाउनुपर्छ। |
| 237 | बुँदा | स्वास्थ्य नीतिको पहिलो बुँदा गलत छ। |
| 238 | बुझ्ला | निर्मोहीको व्यथा कसले बुझ्ला? |
| 239 | बुढा | वरिष्ठ पत्रकार मुकेश बुढा यस क्षेत्रका हुन्। |
| 240 | बुढानिलकण्ठ | सावित्रा गुरुङ बुढानिलकण्ठ बस्छिन्। |
| 241 | बुढी | एउटी बुढी आमै यतै आउँदैछन्। |

| | | |
|---|---|---|
| 242 | बुढो | यसले उमेरमै बुढो बनाइदिन्छ। |
| 243 | बुबाआमा | उसका बुबाआमा कोठाबाहिरै थिए। |
| 244 | बेन्चहरू | मेच र बेन्चहरू सोझ्याएर राखिएको छ। |
| 245 | बेफाइदा | विषादीबाट वातावरण र स्वास्थ्यमा बेफाइदा पुग्छ। |
| 246 | बेफ्वाँक | सबै कुरा बेफ्वाँक भयो। |
| 247 | बेलुका | उ बिहान बेलुका हण्डीको खोजीमा तल्लीन रहन्थ्यो। |
| 248 | बेसार | बेसार लिन वीरगन्ज जानुपर्थ्यो। |
| 249 | बोक्रा | नीमको पात र बोक्रा औषधी हुन्छ। |
| 250 | ब्रेकफास्ट | हरेक बिहान आठ बजे ब्रेकफास्ट सुरु हुन्छ। |
| 251 | भड्खालो | तिमी भड्खालो मात्रै खोज्छौ। |
| 252 | भान्जा | ज्वाइँ र भान्जा भेट हुनासाथ रुन थाल्छन्। |
| 253 | भिऊँट | एउटी नर्कट छे, अर्की भिऊँट। |
| 254 | भुइँमा | त्यो चर्पीको ढोका भुइँमा पछारिएको छ। |
| 255 | भोटबर्मेली | तामाङ, बान्तवा र मगर भोटबर्मेली भाषा हुन्। |
| 256 | मनपरी | अधिकारको नाममा मनपरी हुनु हुँदैन। |
| 257 | मनोनित | अध्यक्ष सरकारबाट मनोनित हुन्थे। |
| 258 | मन्तव्य | त्यसमा मेरो मन्तव्य छापिएको थियो। |
| 259 | महत्त्वपूर्ण | सबै महत्त्वपूर्ण घोषणा सुन्न उत्सुक हुन्छन्। |
| 260 | माओवादी | गाउँहरू माओवादी हिंसाअघि पनि अशान्त थिए। |
| 261 | माझ्छ | सेते सहरको घरमा भाँडा माझ्छ। |
| 262 | माझ्थे | उनी दुईपल्ट दाँत माझ्थे। |
| 263 | मिटिङहरू | जिल्लाका विभिन्न ठाउँमा मिटिङहरू गरिए। |

| | | |
|---|---|---|
| 264 | मिलाएँ | मैले रविले दिएको दुई सय पनि मिलाएँ। |
| 265 | मूलभूत | सबै मूलभूत अधिकार जनताले उपभोग गर्नुपर्छ। |
| 266 | मेधा | रूप, प्रतिभा, सन्तोष, मेधा सबै कुरा आहारमा भर पर्दछ। |
| 267 | मोहनराज | मोहनराज मल्ल व्यवस्थापक थिए। |
| 268 | म्वाइँ | ताराले उसको गालामा म्वाइँ खाइदिइन्। |
| 269 | युरोप | युरोप सरकारी सूचना दिने काममा पहिलो हो। |
| 270 | युरोपियन | युरोपियन कमिसनका देशहरूले आलोचना गरे। |
| 271 | योगदान | पत्रकारिताको विकासमा यसको योगदान छ। |
| 272 | रविन्द्र | रविन्द्र मिश्र मैथिलीमा समाचार पढ्थे। |
| 273 | राखूँ | म कसरी उसको वचन राखूँ। |
| 274 | राजपथ | गोरेटालाई राजपथमा परिणत गर्ने प्रयत्न गर्नुपर्छ। |
| 275 | रिपोर्ट | नेपाल प्रेस कमिसनको रिपोर्ट प्रकाशित भयो। |
| 276 | रिसेप्सन | सरकारी कार्यालयमा रिसेप्सन सजिलो काम हो। |
| 277 | रुघाखोकी | मुख्य रोग झाडापखाला, ज्वरो, रुघाखोकी आदि हुन्। |
| 278 | रूपहरू | तिनै रूपहरू हेरेर चित्र बनाउन सकिन्छ। |
| 279 | रेकर्डहरू | यसबारे अस्पतालमा रेकर्डहरू हेरेपछि थाहा भयो। |
| 280 | रोई | ऊ छाती भिजाउने गरी रोई। |
| 281 | रोग | यो रोग परीक्षण नगरी पत्ता लाग्दैन। |
| 282 | रोपे | उनीहरूले दुईओटा बिरुवा रोपे। |
| 283 | लठ्ठी | गाउँलेहरू लठ्ठी बोकेर खबरदारी गर्छन्। |
| 284 | लाँदै | गाउँलेहरूले एक महिलालाई जबरजस्ती लाँदै गरेको देखे। |
| 285 | लाखको | ती वर्षको बीस लाखको सामान दिन राजी भए। |

| | | |
|---|---|---|
| 286 | लाटोकोसेरो | लाटोकोसेरो दिउँसो आँखा देख्दैन। |
| 287 | लिम्बू | यो समस्या राई, लिम्बू, गुरुङ जातिमा देखिएको थियो। |
| 288 | लेकमा | ऊ त्यही लेकमा बस्ने गर्थ्यो। |
| 289 | लेखकहरू | त्यहाँ नाम चलेका लेखकहरू पनि हुन्छन्। |
| 290 | लेखहरू | यस्ता सामग्रीमा लेखहरू हुन्छन्। |
| 291 | लोकगीत | लोकसाहित्यको प्रमुख विधा लोकगीत हो। |
| 292 | लोकवार्ता | लोकवार्ता प्रजा परिषद्को मुखपत्र थियो। |
| 293 | लोभले | रेडियोको लोभले ममा बास गरिसकेको थियो। |
| 294 | ल्याप्चे | यहाँ ल्याप्चे लगाउनुहोस्। |
| 295 | वाकवाक | यसबाट टाउको दुख्ने, वाकवाक लाग्ने इत्यादि हुन्छ। |
| 296 | वागमती | जतिले टेके पनि वागमती अपवित्र हुँदैन। |
| 297 | वाङ्मय | संस्कृत वाङ्मय समृद्ध छ। |
| 298 | विचारहरू | पत्रिकाहरूमा आक्रोशयुक्त विचारहरू देखिन्छन्। |
| 299 | विद्वान्हरू | ती विद्वान्हरू तिब्बती भाषामा उल्था गर्छन्। |
| 300 | विस्फारित | ऊ विस्फारित आँखाले हेरिरहेको थियो। |
| 301 | शोधपत्र | चिकित्सकहरू बेलाबेलामा शोधपत्र पेस गर्दछन्। |
| 302 | सक्खर | भुटेको चना र सक्खरले ऊ पेटपूजा गर्न थाल्छ। |
| 303 | सङ्गीतबद्ध | सङ्गीतबद्ध सबै सामग्री गीत होइनन्। |
| 304 | सन्दिग्ध | यो सन्दिग्ध प्रावधान हो। |
| 305 | सप्को | आइमाईहरू लजाउँदै सप्कोले मुख छोप्थे। |
| 306 | सबतिर | सबतिर आगो फैलियो। |
| 307 | सबथोक | समाजलाई नै उनले सबथोक मानेका थिए। |

| | | |
|---|---|---|
| 308 | समयभित्रै | समयभित्रै आवश्यक जानकारी आइसक्नुपर्छ। |
| 309 | समात्छ | ऊ चियाको गिलास समात्छ। |
| 310 | समालोचना | केही लेख, टिप्पणी, समालोचना छापेर यो बन्द भयो। |
| 311 | सम्झँदै | उनले दाङमा गरेको अनुसन्धान सम्झँदै छन्। |
| 312 | समथर | नदी समथरमा बगेको थियो। |
| 313 | सम्धी | तँ ठूलो घरको सम्धी बन्लास्। |
| 314 | सर्वेक्षण | त्यसपछि यस्तो सर्वेक्षण गरिएको छैन। |
| 315 | साँघु | यहाँ साँघु तर्नुपर्छ। |
| 316 | साँवलो | उहाँको रङ साँवलो छ। |
| 317 | साइज | हातको साइज हेरेर बनाउनुपर्छ। |
| 318 | साइड | केही औषधिहरूले साइड इफेक्ट पुऱ्याउँछन्। |
| 319 | साउथ | केही आरोहीहरू साउथ कोलको बाटो सगरमाथा चढ्छन्। |
| 320 | साउदी | नेपाली कामदार साउदी अरेबियामा धेरै छन्। |
| 321 | सागसब्जी | कीटाणुहरू पानी, माटो, सागसब्जी आदिको माध्यमबाट सर्छन्। |
| 322 | सातजना | वैशाखमा कञ्चनपुरका सातजना बिरामी आएका थिए। |
| 323 | साथभन्दा | भ्रष्टको साथभन्दा एक्लै बेस। |
| 324 | साबुन | टेलिभिजनमा बियर, साबुन र सुर्तीको प्रचार बढी हुन्छ। |
| 325 | सालघारी | पात बजाउनेहरूले सालघारी घन्काएका थिए। |
| 326 | साहु | त्यो साहु खुद्रा सामान बेच्छ। |
| 327 | सिफ्ट | तीन सिफ्टमा समाचार प्रसारण हुन्थ्यो। |
| 328 | सिर्जनात्मक | स्वास्थ्य सफलताले सिर्जनात्मक उत्साह देखिएला। |
| 329 | सुँड | हत्तीको सुँड मानिसको हातजस्तै काममा आउँछ। |

| | | |
|---|---|---|
| 330 | सुँप | सुँप मधुर रसयुक्त फल हो। |
| 331 | सुनौलो | यो दाताहरूलाई सुनौलो अवसर हो। |
| 332 | सुफी | उनका कविता सुफी दर्शनबाट प्रभावित छन्। |
| 333 | सुरुआत | जातीय पुनर्जागरणको लागि यो सुखद सुरुआत हो। |
| 334 | सुर्खेत | त्यसमा सिन्धुपाल्चोक, बाग्लुङ र सुर्खेत थिए। |
| 335 | सेफ | राजन र सेफ मिलेर पानी जाँच्ने काम गरे। |
| 336 | सेफको | सेफको कुरा उसले सुन्थ्यो। |
| 337 | सोचाइबाट | यही सोचाइबाट केन्द्र छैन भन्ने भनाइ आएको हो। |
| 338 | सोच्तै | त्यो त सोच्तै सोचेनौँ। |
| 339 | स्याङ्जा | स्याङ्जा जिल्लामा जिल्ला अस्पताल छ। |
| 340 | हिँड्छु | म परम्पराको, स्वेच्छाचारी सत्ताको विरोध गर्दै हिँड्छु। |
| 341 | हिँड्डुल | मेरा केही छिमेकी समकालीनहरू हिँड्डुल गर्न स्वतन्त्र थिए। |
| 342 | हिङ | हिङ मासु पकाउँदा गलाउन प्रयोग गरिन्छ। |
| 343 | हुन्थेन | त्यहाँ गाम–बेसीको आवाज हुन्थेन। |
| 344 | हेरेँ | मैले त्यो वायरलेस सेटलाई अचम्म मानेर एकटक हेरेँ। |
| 345 | हेलाँ | कार्यक्रम सञ्चालकले कुनै पनि समाचारलाई बेवास्ता र हेलाँ गर्नुहुँदैन। |
| 346 | होओ | समस्या समाधान गर्न सफल होओ। |
| 347 | ह्म् | ह्म, कुरा ठीक हो। |
| 348 | ह्लासा | ह्लासा जानु कुतीको बाटो। |
| 349 | अँहँ | अँहँ, मलाई त थाहै छैन। |
| 350 | अरूथोक | अरूथोक मलाई चाहिँदैन। |
| 351 | अस्पष्ट | मलाई यो झाँकी एकदमै अस्पस्ट भइरहेछ। |

| | | |
|---|---|---|
| 352 | इङ्ग्लिस | द इङ्ग्लिस ब्यालेड' भन्ने एउटा पुस्तक छ। |
| 353 | उपयोग | शरीरको पनि ठीकसँग उपयोग गर्नुपर्छ। |
| 354 | यदि | यदि अफिसर होइन भने सिपाही हो। |
| 355 | ओइलायो | धेरैको अनुहार ओइलायो। |
| 356 | ओदान | ओदान बसालेर पकाउनुपर्छ। |
| 357 | खन्यो | जति खन्यो त्यति चपरी निस्कन्छ। |
| 358 | खिच्रो | खिच्रो खानेको कथा' शीर्षकको एउटा लोककथा छ। |
| 359 | घाइँघुइँ | रेडियोको घाइँघुइँ र टेलिभिजनको गनगनबाट टाढै बस्छु म। |
| 360 | ङ्वार्र | शङ्कर फुत्कन खोज्यो तर सबले ङ्वार्र गरे। |
| 361 | जँचाउने | जँचाउने काम सकेर ऊ हिँड्छे। |
| 362 | टिपूँ | जूनलाई टपक्क टिपूँ र कसैलाई टीका लगाइदिऊँ। |
| 363 | ठगठाग | उनीहरू भन्सारका भलाद्मीहरूलाई ठगठाग गरी गए। |
| 364 | डाङडुङ | उनले जति लेखे सबै डाङडुङ छपाए। |
| 365 | डिम्ब | पोथी डिम्ब उत्पादन गर्छ। |
| 366 | डेक्ची | जुनेली डेक्ची सफा गर्छे। |
| 367 | ढाँटूँ | तिमीलाई कसरी ढाँटूँ! |
| 368 | ढाक्छ | संसारलाई रातले ढाक्छ। |
| 369 | ढ्याङढ्याङ | त्यो ढोका किन ढ्याङढ्याङ गरेको? |
| 370 | थिचथाच | मलाई साना छोरीहरूका कलिला अनुहारले थिचथाच पारे। |
| 371 | देउघाटमा | उनको मृत्यु देउघाटमा भयो। |
| 372 | धाँगड | हामी धाँगड नेपालका आदिवासी हौँ। |
| 373 | निदाएझैँ | उनी निदाएझैँ गरे। |

| | | |
|---|---|---|
| 374 | पुछ्दा | जटामा कालो पुछ्दा जटा नै कालो भयो। |
| 375 | पेटहरू | कतैकतै उठेका पेटहरू देखिन्थे। |
| 376 | फर्कूँ | म कोठातिरै फर्कूँ या पँधेरातिर झरूँ? |
| 377 | बाँधूँ | म कसरी बाँधूँ समयलाई! |
| 378 | बाँसघारी | एउटा बाक्लै बस्ती छिचोलेपछि बाँसघारी आयो। |
| 379 | बाघभन्दा | साँढे रिसाएको बाघभन्दा पनि घातक हुन्छ। |
| 380 | बाफजस्तो | त्यो उड्दै गरेको बाफजस्तो देखिन्छ। |
| 381 | बेथु | यो सागलाई कतै बेथे र कतै बेथु भन्छन्। |
| 382 | मुछ्ने | खेतमा माटो मुछ्ने काम थियो। |
| 383 | लाउँथ्यौँ | हामी छातीमा बिल्ला लाउँथ्यौँ। |
| 384 | लामपुच्छ्रे | यो एउटा लामपुच्छ्रे तारा हो। |
| 385 | लेख्ला | त्यसले यसको भूमिका लेख्ला। |
| 386 | सातफेर | एकफेर हो र सातफेर फेल भइसक्यो। |
| 387 | साथबाट | घिमिरेको संगत र साथबाट धेरै अनुभव प्राप्त भयो। |
| 388 | सिँजाली | सिँजाली नरेशहरूले नेपाली भाषाको विकास गरे। |
| 389 | सोचभन्दा | तर ऊ मेरो सोचभन्दा फरक थिई। |
| 390 | हिसापकिताप | हिसापकिताप राख्ने पाठ्यक्रम राम्रो छ। |
| 391 | अड्चालिस | अड्चालिस सालमा नेपालमा जनआन्दोलन भएको थियो। |
| 392 | अड्तिस | त्यहाँ जम्मा अड्तिस थान बन्दुक थिए। |
| 393 | अड्सट्ठि | अड्सट्ठी प्रतिशतले मतदानमा भाग लिए। |
| 394 | अन्डर्लाइन | अन्डरलाइन गरिएका शब्दको अर्थ लेख्नुपर्छ। |
| 395 | अप्डेट | आफूलाई अप्डेट गरिराख्नुपर्छ। |

| | | |
|---|---|---|
| 396 | अरबसम्म | ऊ कामको खोजीमा अरबसम्म पुग्यो। |
| 397 | अल्मलिएँ | म निकैबेर अल्मलिएँ। |
| 398 | अल्मलिने | त्यहाँ अल्मलिने कुरै थिएन। |
| 399 | आँडे | ऊ यस्तै आँडे कुरा गर्छ। |
| 400 | आकार | यसको आकार सानो छ। |
| 401 | आछामे | आछामे साथीहरू धेरै छन्। |
| 402 | आर्काइभ | हामी लोकसम्पदाको आर्काइभ बनाउँदै छौँ। |
| 403 | आह्वान | पार्टीको आह्वान कार्यकर्ताले सुनेनन्। |
| 404 | उगाल्ने | कडा घाम कपडा उगाल्ने एउटा कारण हो। |
| 405 | उत्सव | नेपालीको धेरै समय खाने जात्रा र उत्सव हुन्। |
| 406 | उन्नाइस | उन्नाइस दिन भोकै बस्नु ठूलो कुरा हो। |
| 407 | उफ्रँदा | बार नाघ्न उफ्रँदा खुट्टो मर्केछ। |
| 408 | एअर | बुद्ध एअर राम्रो सेवा दिने कम्पनी हो। |
| 409 | एकजनाको | होटलमा एकजनाको सय रुपियाँ खर्च भयो। |
| 410 | एकनास | पानी एकनास परिरह्यो। |
| 411 | एग्जिबिसन | उनीहरू एग्जिबिसन हलतिर लागे। |
| 412 | एटेच | त्यो एटेच बाथरुम भएको कोठा थियो। |
| 413 | एड्रेस | उसलाई आफ्नो पूरा एड्रेस दिएँ। |
| 414 | एफिलिएसन | एकेडेमिक एफिलिएसन महत्त्वपूर्ण कुरा हो। |
| 415 | एलर्जि | कुरा सुन्दै एलर्जी हुन्छ। |
| 416 | यहाँ | यहाँ के खान पाइन्छ? |
| 417 | आँठ | उसका आँठ नीला भए। |

| | | |
|---|---|---|
| 418 | कठ्खोर | कठ्खोर रूखमा खोपेर प्वाल बनाएर बस्छ। |
| 419 | कन्फम | कुरो कन्फम हो। |
| 420 | कल्चुँडो | कल्चुँडो पनि कालचेकै अर्को नाम हो। |
| 421 | काखी | अब उनीहरूले काखी बजाउने भए। |
| 422 | कुछकुछ | कुछकुछ होला जस्तो छ। |
| 423 | क्वाँटी | खुब क्वाँटी खाइयो। |
| 424 | खासगरी | म खासगरी यो कुरा जान्न चाहन्छु। |
| 425 | ख्वास्स | ऊ ख्वास्स सुरुवाल उन्यो र हिँड्यो। |
| 426 | गाइखाने | गाइखाने नहोला' उसले भन्यो। |
| 427 | गुटुटु | केटाहरू नाङगो तरबार ठड्याउँदै गुटुटु दगुरे। |
| 428 | गुनगुनाउँदा | गीत गुनगुनाउँदा आनन्द लाग्छ। |
| 429 | गुरागाइँजी | गुरागाईंजी आज आउनुहुन्न होला। |
| 430 | ग्वार्को | म ग्वार्को बस्छु। |
| 431 | घगडान | घगडान विद्वान्हरू पनि दङ्ग परे। |
| 432 | घचेट्तै | ऊ ठेला घचेट्तै मकै बेच्छ। |
| 433 | चटपटवाला | चटपटवाला झटपट उठ्यो। |
| 434 | चिजलाई | सस्तो चिजलाई महँगोमा बेच्नुहुँदैन। |
| 435 | चिजहरू | बासी चिजहरू खानु हुँदैन। |
| 436 | चिम्ट्या | चिम्ट्या माटामा खेती राम्रो हुँदैन। |
| 437 | चुनाव | चुनाव प्रजातन्त्रको एउटा विशेषता हो। |
| 438 | छोड्थेन | उसले मरिगए छोड्थेन। |
| 439 | जङ्गली | कस्ता जङ्गली मान्छेहरू! |

| | | |
|---|---|---|
| 440 | टिपोस् | त्यत्रो रूखबाट ऊ कसरी फल टिपोस्। |
| 441 | ट्याक्क | त्यहाँ ट्याक्क कुरा मिल्ने मान्छे चाहिन्छ। |
| 442 | ट्रान्स्फमेसनल | ट्रान्स्फमेसनल ग्रामर अलि गाह्रो छ। |
| 443 | ठुलिआमा | ठुलिआमा मलाई धेरै माया गर्नुहुन्छ। |
| 444 | ठुल्ठुला | पहिरोले ठुल्ठुला ढुङ्गा झार्‍यो। |
| 445 | ड्राइबर | ड्राइबर राम्रो भए यात्रा राम्रो हुन्छ। |
| 446 | ढुङ्गा | बाटाभरि ढुङ्गा थिए। |
| 447 | ढ्याकढुक | ढ्याकढुक पारेर मिलाउनुपर्छ। |
| 448 | तीनओडा | चामलका तीनओडा दाना चाहिन्छ। |
| 449 | थेग्नु | एकजनाले त्यत्रो भार थेग्नु सजिलो कुरा छैन। |
| 450 | दण्ड | कानुनमा दण्डको पनि व्यवस्था हुनुपर्छ। |
| 451 | दसजना | दसजना जम्मा भए बीसथरी कुरा हुन्छ। |
| 452 | दुधको | मलाई दुधको तर मन पर्छ। |
| 453 | देउगिर | देउगिर धेरै टाढा छैन। |
| 454 | धुम्खर्का | बा धुम्खर्का जानुभएको छ। |
| 455 | नचलाओ | यसलाई नचलाओ न। |
| 456 | नारायणप्रसाद | नारायणप्रसाद वाग्लेले पल्पसा क्याफे लेखे। |
| 457 | निकालूँ | म कति पैसा निकालूँ। |
| 458 | न्वाइँ | न्वाइँ खान दिन हेराउनुपर्छ। |
| 459 | पार्लाङपुर्लुङ | दुई मुठी साग पार्लाङपुर्लुङ पारेर त्यसैसँग भात खाएँ। |
| 460 | पिठ्युँभरि | पिठ्युँभरि नीलडाम थियो। |
| 461 | पुलिसहरू | त्यो पुलिसहरू बस्ने घर हो। |

| | | |
|---|---|---|
| 462 | प्रविधि | नयाँनयाँ प्रविधि प्रयोग गर्दै जानुपर्छ। |
| 463 | प्रायजसो | प्रायजसो उनी हाम्रा कुरा सुन्दैनन्। |
| 464 | फिल्डवर्क | हामी फिल्डवर्क जाँदा दाउन्नेमा बस्यौँ। |
| 465 | फ्याटफुट्ट | मानिसहरू फ्याटफुट्ट हिँडे। |
| 466 | बजेटभित्र | यसलाई बजेटभित्र पार्नुपर्छ। |
| 467 | बनढाडे | यो बनमा बनढाडे पाइन्छ। |
| 468 | बनस्खन्डी | भैँसीलाई बनस्खन्डीले दुःख दियो। |
| 469 | बनझाँक्री | बनझाँक्री सोझो हुन्छ। |
| 470 | बाफ्फिने | त्यस्तो गर्मीमा गएर बाफ्फिने? |
| 471 | बोटसम्म | मैले यसको बोटसम्म देखेको छु। |
| 472 | बोलिँदैन | यतातिर नेपाली बोलिँदैन। |
| 473 | ब्वाङ | तिनले ब्वाङ कि ब्वाङ खन्न थाले। |
| 474 | भाँडासाँडा | जँड्याहाहरूले भाँडासाँडा मिल्काइदिए। |
| 475 | भिमगोला | सिपाहीहरूले भिमगोला पड्काए। |
| 476 | भूगोल | भूगोल मेरो रुचिको विषय हो। |
| 477 | भ्वान्टाङ | भ्वान्टाङ गरेर बजेको के हो? |
| 478 | रुङ्ने | रुङ्ने मात्रै हो कि केही काम पनि छ? |
| 479 | रूपजस्तै | रूपजस्तै व्यवहार पनि भए कति राम्रो हुन्थ्यो। |
| 480 | रेन्चलाइ | रेन्चलाई सफा गरेर मात्र प्रयोग गर्नुपर्छ। |
| 481 | लगभग | लगभग कुरा मिल्यो। |
| 482 | लक्ष्मी | लक्ष्मी के भन्छिन्? |
| 483 | वाइवाइ | मलाई वाइवाइ मन पर्छ। |

| | | |
|---|---|---|
| 484 | वालिङबाट | ऊ हिजो वालिङबाट आयो। |
| 485 | विकनेस | यो सरकारको विकनेस हो। |
| 486 | संसार | संसार जस्तो बुझ्यो उस्तै हुन्छ। |
| 487 | समाजभाषिक | एउटा राम्रो समाजभाषिक अध्ययन जरुरी छ। |
| 488 | सुझावहरू | हाम्रा केही सुझावहरू छन्। |
| 489 | सोँच | ऊसको सोँच राम्रो हो। |
| 490 | हर्थुङे | मेरो जिउभरि हर्थुङे बिझ्यो। |
| 491 | हेर्नेओर्ने | बेलाबेला हेर्नेओर्ने गर्नुपर्छ। |
| 492 | अँकरा | गहुँबारीमा अँकरा पनि हुन्छ। |
| 493 | अँचेट्नु | दुवै हातले बेसरी अँचेट्नु घाउबाट आँखो निकाल्ने एउटै उपाय हो। |
| 494 | गान्खु | गान्खु राईको एउटा थर हो। |
| 495 | गाभ्छ | ऊ हरेक महिना ब्याजलाई साँवामा गाभ्छ र फेरि त्यसमा ब्याज लगाउँछ। |
| 496 | गुट्खा | गुट्खा पनि एक किसिमको अम्मल हो। |
| 497 | घनघन | बाजा घनघन घन्किरहेको थियो। |
| 498 | घोँगा | एक घोँगा मकैको दस रुपियाँ पर्छ। |
| 499 | घ्लान | घ्लान तामाङको एउटा थर हो। |
| 500 | ङारङुर | तिनीहरू दिनदिनै ङारङुर गर्छन्। |
| 501 | ङ्याँक्यो | हरिले त्यो दुब्लो केटालाई बेसरी ङ्याँक्यो। |
| 502 | झासझुस | दाजु बारीको कुनामा झासझुस पोल्दै थिए। |
| 503 | झ्याङझ्याङ | यसलाई सधैँ झ्याङझ्याङ भइरहन्छ। |
| 504 | टङटङ | चार बज्दा घण्टी टङटङ बज्न थाल्यो। |
| 505 | ठङठङ | त्यहाँ ठङठङ औजारहरू बजेको सुनियो। |

| | | |
|---|---|---|
| 506 | ठिँगुरो | बहुलाएपछि उनलाई ठिँगुरो ठोकेर राखियो। |
| 507 | डाँठहरू | मकैका डाँठहरू यत्रतत्र थिए। |
| 508 | डिमडिम | डमरु डिमडिम बज्न थाल्यो। |
| 509 | डोबडाब | थोरै चटनीसँग डोबडाब गरेर खाएँ। |
| 510 | ढाडझैँ | सर्पको ढाडझैँ के देखिएको त्यो? |
| 511 | ढाडजस्तो | यो चाहिँ ढाडजस्तो छ। |
| 512 | ढेँडी | ए, एउटा ढेँडी खुर्सानी ले ले। |
| 513 | ढ्यामढ्याम | ढ्यामढ्याम आवाज आयो खै के हो। |
| 514 | थाङथिलो | बिचरालाई थाङथिलो पारेछन्। |
| 515 | दाङदेखि | दाङदेखि कहिले फर्कनुभयो? |
| 516 | निघार | यो त जाँडको निघार पो त। |
| 517 | पिँधतिर | पिँधतिर सबै माटो मात्रै छ। |
| 518 | पिँधबाट | सगरमाथा समुद्रको पिँधबाट उठेको हो। |
| 519 | पिँधभन्दा | डोकाको पिँधभन्दा मुख फराकिलो हुनुपर्छ। |
| 520 | बाघखोर | पेखु बाघखोर अहिले वालिङमा पर्छ। |
| 521 | बाघबाट | रूखमा चढेर बाघबाट बच्न सकिन्छ। |
| 522 | बाघमाथि | चटकेले बाघमाथि बाख्रो राखेर बाघ डोऱ्याउँदै हिँड्यो। |
| 523 | बाङबुङ | मनमा लागेका कुरा बाङबुङ भनिदिनुपर्छ। |
| 524 | बाफझैँ | सारा इच्छाहरू बाफझैँ उडेर गए। |
| 525 | बुझ्झकी | हाम्रा नेताहरू बुझ्झकी हुनुपर्छ। |
| 526 | भाङभुङ | घर गोठ सबै भाङभुङ पाऱ्यो। |
| 527 | माझतिर | जग्गा किन्दा माझतिर हेर्नुपर्छ। |

| | | |
|---|---|---|
| 528 | माझभन्दा | छिटो उठ्नुपर्ने मान्छे माझभन्दा छेउतिर सुत्नुपर्छ। |
| 529 | वाँक्यो | दुई जनालाई पुग्ने चिउरा एकैपटकमा वाँक्यो। |
| 530 | सङघाई | सङघाई चिनको एउटा सहर हो। |
| 531 | सप्फो | सप्फो ठूला विचारक थिए। |
| 532 | साँझखेर | हामी साँझखेर त्यहाँ पुग्यौँ। |
| 533 | सागझैँ | सबै पालुङ्गाको सागझैँ ओइलाए। |
| 534 | सिँयाल | एकछिनमा यहाँ सिँयाल पर्छ। |
| 535 | होऊँ | मलाई असल मान्छे होऊँ भन्ने इच्छा थियो। |